प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
## कृषि ज्ञान केन्द्र, रामेछाप
बागमती प्रदेश
(रामेछाप र दोलखा)

अनुसूची -१
(दफा ४ सँग सम्बन्धित)

## पैति सामुहिक खेती कार्यक्रम, शैलुङ-८, दोलखा सम्बन्धि प्रस्ताव आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/०५/०४**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश अन्तर्गतको कृषि ज्ञान केंन्द्र रामेछापको आ.व. ०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसारको पैति सामुहिक खेती कार्यक्रम, शैलुङ-८, दोलखा कार्यक्रम सामूहिक खेती प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ प्रथम संसोधन २०७६/०७/२५ बमोजिम संचालन गर्न कृषि सहकारी, कृषक समूह, कृषि उद्यमी, कृषि उद्योग तथा व्यवसायिक कृषि फार्महरुले यो सूचना प्रकाशित भएको ३० औं दिनसम्ममा (२०७८/०६/०४ गते ) कार्यालय समय भित्र आईपुग्ने गरी तपशिल बमोजिमका कागजात सहित निवेदन साथ अनुसुची-२ वमोजिमको प्रस्ताव कृषि ज्ञान केन्द्र, रामेछापमा दर्ता गर्नुहुन आव्हान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेश हुन नसक्ने ब्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

१. रु. १० को हुलाक टिकट टाँस गरेको निवेदन,
२. निवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र संस्थाको हकमा संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र,
३. संस्थाको हकमा स्थायी लेखा नम्बर (PAN) दर्ता/नविकरण प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि, लेखा परीक्षणको प्रतिवेदन,
४. संस्थाको बैठकको निर्णयको प्रतिलिपि,
५. जग्गाको लालपूर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएको भए सो प्रमाणको प्रतिलिपि,
६. प्रस्तावकले लागत साझेदारी गर्ने र अन्य निकायवाट अनुदान लिए/नलिएको प्रतिबद्धता-पत्र,
७. सम्बन्धित वडा र पालिकाको सिफारिस पत्र,
८. अनुसूची २ अनुसारको प्रस्ताव। ठोस क्रियाकलापहरुको प्राविधिक डिजाइन तथा इष्टिमेट,
९. विस्तृत परियोजना प्रस्ताव र प्रस्ताव अनुसारको लागत अनुमान।

नोटः

- यस कार्यक्रम अन्तर्गत सामूहिक खेती भन्नाले कृषि उपज उत्पादन, सेवा प्रवाह लगायतका कृषि जन्य क्रियाकलाप अधिकत्तम सामूहिक रुपमा हुने र कम्तिमा १०० बिघा (१३३१ रोपनी ) क्षेत्रफल जमिनमा कार्यक्रम संचालन गर्नुपर्ने हुन्छ।
- विस्तृत जानकारीको लागि यस कार्यालयको सम्पर्क नं ०४८-५४०३०८। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेशको वेबसाइट www.molmac.bagmati.gov.np बाट कार्यविधि डाउनलोड गरी प्राप्त गर्न सक्नुहुनेछ।

निर्मला गुरुङ
प्रमुख